म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ९६ २०७९ फगुन १४ गते आइतबार 26 February 2023, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## गाँजासहित मकवानपुरका घलान धादिङमा पक्राउ

हेटौंडाः लागूऔषध गाँजाको धुलोसहित मकवानपुरको थाहा नगरपालिका–८ का २९ वर्षीय विजय घलान धादिङ जिल्लामा पक्राउ परेका छन् । शुक्रबार बिहान १० बजेर ४५ मिनेटको समयमा महादेववेशीदेखि मकवानपुरको मोरीया जाने सडकखण्डमा महादेववेशीतर्फ पैदल हिंड्दै गरेका घलानले बोकेको झोला शंका लागेर सुरक्षाजाँच गर्दा झोलामा लागूऔषध गाँजा ४ केजी फेला पारी प्रहरीले नियन्त्रणमा लिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । उक्त लागूऔषधसहित घलानलाई नियन्त्रणमा लिएर थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय खानीखोला लगिएको जनाइएको छ ।

# संघीय सरकार र बागमती प्रदेश सरकारबाट बाहिरियो राप्रपा

समाज संवाददाता

हेटौंडाः राष्ट्रपति निर्वाचनमा प्रधानमन्त्रीले राष्ट्रिय सहमतिको नाममा सत्तारुढ गठबन्धन दलबीच फाटो सिर्जना गर्ने अवस्थाप्रति असन्तुष्टि जनाउँदै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले संघीय सरकार र बागमती प्रदेश सरकारबाट बाहिरिने निर्णय गरेको छ । शनिबार राष्ट्रपति पदका लागि मनोनयन दर्ताको प्रक्रिया सुरु भएसँगै राप्रपाले संघीय सरकार र प्रदेश सरकारबाट बाहिरिने गरी संघमा प्रधानमन्त्री र प्रदेशमा मुख्यमन्त्रीलाई राजिनामा बुझाएको छ ।

संघीय सरकारमा पार्टी अध्यक्ष राजेन्द्र लिङ्देन नेतृत्वमा राप्रपा सहभागी थियो भने बागमती प्रदेशमा उद्धव थापाको नेतृत्वमा सरकारमा सहभागी थियो । संघीय सरकारमा राप्रपा अध्यक्ष लिङ्देनले उपप्रधान तथा ऊर्जामन्त्री, ध्रुवबहादुर प्रधान कानुन तथा संसदीय मामिला, विक्रम पाण्डे सहरी विकास र दीपकबहादुर सिंह ऊर्जाराज्यमन्त्री बनेका थिए । उनीहरुले शनिबार दिउँसो प्रधानमन्त्री पुष्पकमल दाहाललाई राजिनामा बुझाएका थिए ।

यता बागमती प्रदेशमा भने राप्रपाका तीन जना मन्त्रीले शनिबार बेलुका मुख्यमन्त्री शालिकराम जमकट्टेललाई संयुक्तरूपमा राजिनामा बुझाए । राप्रपाले बागमती प्रदेश सरकारलाई दिएको समर्थन समेत फिर्ता लिएको छ । शनिबार बेलुका ८:३० बजे राप्रपाका तीनै जना मन्त्रीले हेटौंडास्थित मुख्यमन्त्री निवास पुगेर राजिनामा पत्र बुझाएका हुन् । संयुक्त रुपमा बुझाइएको राजिनामा पत्रमा भनिएको छ, 'हालै विकसित राजनैतिक घटना क्रमका कारण हामी तीनै जना मन्त्रीहरुले संयुक्तरुपमा राजिनामा पेश गर्दछौं । हाम्रो राष्ट्रिय प्रजातन्त्र पार्टीले यस (तपाईको) नेतृत्वमा रहेको सरकारलाई दिँदै आएको समर्थन समेत आजैका मितिबाट फिर्ता लिएको जानकारी गराउँदछौं ।'

**राजिनामा पत्र बुझ्दै मुख्यमन्त्री जमकट्टेलले भर्खर सहकार्य सुरु गर्दैगर्दा छोटो समयमा सरकारबाट सहकार्य टुट्नु सुखद क्षण नभएको उल्लेख गर्नुभयो ।**

बागमती प्रदेशमा राप्रपाबाट संसदीय दलका नेता उद्धव थापा खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्री, डम्बरबहादुर तामाङ पर्यटन, उद्योग तथा सहकारी मन्त्री र राजु बिष्ट वन तथा वातावरण मन्त्री थिए । संसदीय दलका नेता थापाले पुस २६ गते मुख्यमन्त्री जमकट्टेलसँगै विनाविभागीय मन्त्रीको रुपमा सपथ लिएका थिए । उनले माघ ११ गते मन्त्रिपरिषद्ले पूर्णता पाउँदा ऊर्जाको जिम्मेवारी पाएका हुन् । तामाङ र बिष्टले माघ ११ गते मन्त्रीको रुपमा सपथ लिएका थिए ।

राजिनामा पत्र बुझाउँदै संसदीय दलका नेता थापाले केन्द्रमा भएको समिकरण परिवर्तन र पार्टीको निर्णयका कारण राजिनामा गर्नुपरेको बताउनुभयो । काम गर्न खोज्दा खोज्दै परिस्थितिवस सरकारबाट बाहिरिनुपरेको उल्लेख गर्दै उहाँले आफ्नो पार्टीको मन्त्रीहरुले सुरु गर्नुभएको कामलाई मुख्यमन्त्री जमकट्टेल नेतृत्वको सरकारले पुरा गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले सरकारले गर्ने राम्रा कामहरुमा सधैं पार्टीको साथ रहने बताउनुभयो ।

राजिनामा पत्र बुझ्दै मुख्यमन्त्री जमकट्टेलले भर्खर सहकार्य सुरु गर्दैगर्दा छोटो समयमा सरकारबाट सहकार्य टुट्नु सुखद क्षण नभएको उल्लेख गर्नुभयो । पछिल्लो राजनीतिक घटनाक्रमको विकासको कारण यस्तो परिस्थिति आएको उहाँले बताउनुभयो । सरकार गठनका लागि राप्रपाले गरेको सहयोग र छोटो समयमा रहेर पनि मन्त्रिपरिषद्मा पुऱ्याएको योगदानको मुख्यमन्त्रीले प्रशंसा गर्नुभयो । उहाँले सरकारसँगको सहकार्य टुटे पनि प्रदेश सभामा रहने सहकार्य मार्फत बागमती प्रदेशलाई समृद्ध प्रदेश बनाउन, सुशासन कायम गर्न, जनतामा देखिएको विकासको चाहना पुरा गर्न सँगै अघि बढ्ने चाहना रहेको बताउनुभयो ।

यसअघि राप्रपा संसदीय दलका नेता समेत रहनुभएका उद्धव थापाले शनिबार प्रदेश सभालाई सम्बोधन गर्नुहुँदै सरकार छाड्ने घोषणा गर्नुभएको थियो । प्रदेश सभालाई सम्बोधन गर्नुहुँदै उद्धव थापाले छोटो समय सरकारमा रहँदा उल्लेखनीय कार्य गर्न नसके पनि आगामी दिनमा प्रतिपक्षमा बसेर प्रभावकारी भूमिका निर्वाह गर्ने बताउनुभएको थियो । सत्तामा जानु मात्रै गन्तव्य नभएको उल्लेख गर्नुहुँदै थापाले भन्नुभयो, "हाम्रो गन्तव्य टाढा छ । हामी प्रतिपक्षमा बस्छौं । हामी जनताको प्रतिनिधित्व गर्दै जनताको आवाज बोल्छौं ।"

# ठूलो परिमाणमा लागुऔषध र भरुवा बन्दुकसहित ५ जना पक्राउ




समाज संवाददाता

हेटौंडाः ठूलो परिमाणमा लागुऔषध गाँजा र भरुवा बन्दुकसहित मकवानपुर प्रहरीले ५ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुर जिल्लाको कैलाश गाउँपालिका-६, दुम्सीखर्कका ६० वर्षीय जीत बहादुर मोक्तान, २८ वर्षीय विजय गोले, ४० वर्षीय रत्नबहादुर घले, २२ वर्षीय शेखर घले, २२ बर्षीय अशोक घले रहेका छन् ।

शुक्रबार राति ९ बजे मोक्तानको घरमा लागुऔषध छ भन्ने विशेष सूचनाको आधारमा प्रहरी नायव निरीक्षकसहितको २५ जना टोली खटिएको थियो । मोक्तानको घर खानतलासी गर्दा भरुवा बन्दुक १ थान, कटुवा पेस्तोल १ थान, पेस्तोलमा लाग्ने ६ राउण्ड गोली र मोक्तानकै घर नजिक रहेको गोठबाट लागुऔषध गाँजा ७ सय केजी, चरेस जस्तो देखिने वस्तु १२ केजी बरामद गरिएको जनाएको छ ।


# मोटरसाइकल दुर्घटनामा चौधरीको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा मोटरसाइकल दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा मोटरसाइकलमा पछाडी सवार दाङ जिल्लाकी २३ वर्षीया आशिका चौधरी रहेको प्रहरीले जनाएको छ ।

काठमाडौंबाट हेटौंडातर्फ जाँदै गरेको बा ७३ प ९०६० नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना भएको हो । मोटरसाइकल सडकबाट १० मिटर तल खसेको थियो । चौधरीको घटनास्थलमै मृत्यु भएको हो ।

दुर्घटनामा मोटरसाइकल चालक ओमकुमार रानामगर समान्य घाइते रहेको प्रहरीले जनाएको छ । मगरलाई प्रहरीले नियन्त्रणमा लिएको छ । चौधरीको शव हेटौंडा अस्पतालमा पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।






सम्पादकीय

## वन्यजन्तुको बढ्दो विचलन

पारिस्थितिक प्रणालीको दृष्टिकोणबाट हरेक वन्यजन्तुको महत्व उतिकै पाइन्छ । उचित बासस्थान र आहाराको कमी तथा मानवीय क्रियाकलापका कारण कैयौं वन्यजन्तु संकटमा परेका छन् । लोपोन्मुख अवस्थामा पुगेका वन्यजन्तु संरक्षणको चिन्ता भइरहेको समयमा नेपालमा संरक्षित वन्यजन्तुको संख्या बढ्दै जानुलाई सुखद् मान्नुपर्छ । तर, बढ्दो वन्यजन्तुको विचलनका कारण मानव जीवन कष्टकर बन्न थालेको छ । राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र, राष्ट्रिय तथा सामुदायिक वनबाट नजिकका गाउँबस्तीमा जंगली जनावर आउने क्रम बढेको छ । ती वन्यजन्तुले मानिसले लगाएको बाली नष्ट गर्नेदेखि मानिस तथा अन्य जनावरलाई आक्रमण गर्ने र भौतिक संरचनामा क्षति पुऱ्याउने गरेको पाइन्छ । केही महिनाअघि बाघको त्रासले चिन्तित बनेका स्थानीय अहिले जंगली हात्तीको आतंकबाट पीडित बनेका छन् ।

जैविक विविधतामा निकै धनी नेपालमा धेरै प्रकारका बोटविरुवा र वन्यजन्तु पाइन्छ । उष्ण, समशितोष्ण र ठण्डा सबैखाले हावापानी भएको सानो देशमा धेरै प्रकारका वनस्पति र वन्यजन्तु पाइनु हाम्रा लागि गौरवको विषय हो । पछिल्ला वर्षहरुमा वन क्षेत्र बढ्दै जाँदा त्यहाँ आश्रित वन्यजन्तुको संख्या पनि बढिरहेको छ । तराई तथा चुरे क्षेत्रका घना जंगलमा पाइने बाघ, जंगली हात्ती, गैंडा, बँदेलजस्ता जंगली जनावरबाट मानिस असुरक्षित बन्दै गएका छन् । नेपालको तराई क्षेत्रमा पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा गरी ५ वटा राष्ट्रिय निकुञ्ज छन् । यी सबै निकुञ्जमा पाटेबाघ संरक्षित छन् । चितवन र बर्दियामा एकसिंगे गैंडा संरक्षित छन् । तराईका घना जंगलमा थुप्रै जंगली हात्ती पाइन्छ । निकुञ्ज र आसपासका मध्यवर्ती क्षेत्रमा यस्ता जनावरको विचलन बढ्दै जाँदा स्थानीय बासिन्दा असुरक्षित महसुस गर्न थालेका छन् ।

मकवानपुर जिल्लामा केही दिनदेखि जंगली हात्तीको आतंक बढेको छ । पछिल्लो एक सातामा जंगली हात्तीको आक्रमणमा परेर दुई जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । मकवानपुरमा दुईजनाको ज्यान लिने हात्तीले नै शनिबार बिहान सिन्धुलीमा एकजनाको ज्यान लिएको छ । जंगली हात्तीको आक्रमणमा परी गत बिहीबार मकवानपुरको बकैया गाउँपालिका-५, पावसका सन्तलाल माझीको मृत्यु भएको छ । गत सोमबार मकवानपुरको मनहरी गाउँपालिकामा जंगली हात्तीको आक्रमणमा परी मनहरी गाउँपालिका-४, मसिनेकी ६४ वर्षीया राधा अधिकारीको मृत्यु भएको थियो । बुधबार राति हेटौंडा-१८, मानेडाँडामा जंगली हात्तीको आक्रमणमा परी एकजना पुरुष घाइते भएका छन् । जंगली हात्तीको आक्रमण बढ्न थालेपछि स्थानीय बासिन्दा त्रसित भएका छन् । हात्ती पत्ता लगाउन जिल्ला वन कार्यालयले पनि गस्ती बढाएको छ । कार्यालयले पालिका, वडा र सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय गरेर मानिसलाई सचेत हुन आग्रह गरिरहेको छ । कार्यालयले हात्तीलाई नलखेट्न, नजिस्क्याउन, ढुङ्गाले नहान्न आग्रह गरेको छ । मानिससँग जम्काभेट हुँदामात्र हात्तीले आक्रमण गर्ने भएकाले हात्तीको वरपर नजान वन कार्यालयले सचेत गराएको छ ।

देशको महत्वपूर्ण प्राकृतिक सम्पदाको रुपमा वन्यजन्तुलाई मानिन्छ । दुर्लभ र महत्वपूर्ण वन्यजन्तुको उचित संरक्षण र व्यवस्थापनबाट पर्यटन प्रवर्द्धनमा सहयोग पुग्दछ । सकेसम्म प्राकृतिक बासस्थानमै वन्यजन्तुलाई संरक्षण गर्न राज्यले विशेष कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ । पर्यावरण, जैविक विविधता, प्राकृतिक सम्पदा, पारिस्थितिक प्रणालीलाई जोगाउन वन्यजन्तु आवश्यक हुन्छ । हात्ती, बाघलगायत जनावर जंगल छाडेर विचलित हुँदै गाउँबस्ती चाहर्न आउनुको उचित कारण पहिचान गरी त्यसको समाधानमा सम्बद्ध निकायले ध्यान दिनुपर्छ । अन्य साना जनावरजस्तो हात्तीलाई नियन्त्रणमा लिन कठिन हुने भएकाले हात्तीलाई कुनै बाधा नपुऱ्याई उसकै गन्तव्यमा जान दिनुपर्छ । गाउँबस्तीमा आएका जनावरलाई पुनः जंगल फर्काउन आवश्यक जनशक्ति, संयन्त्र र प्रविधिको व्यवस्थापन गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |



## तपाईंको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्ययभार र समस्यामा कमी आउने समय योग छ ।
**वृष** : मनोरञ्जनका काममा भुलिने समय योग देखिन्छ ।
**मिथुन** : साँस्कृतिक क्रियाकलापमा सरिक भइने समय योग छ ।
**कर्कट** : आशिर्वाद र सहानुभूतिले आत्मविश्वास बढ्ने योग छ ।
**सिंह** : कर्मप्रति निष्ठावान भइने समय योग देखिन्छ ।
**कन्या** : महत्वकांक्षाले निराशा मात्र बटुल्न सक्छ ।
**तुला** : पेशा र व्यवसाय ठिकै रहने समय योग छ ।
**वृश्चिक** : सकारात्मक र व्यवहारिक सोचको विकास होला ।
**धनु** : नयाँ प्रविधि र सिपले व्यवहारमा परिवर्तन होला ।
**मकर** : समय उपलब्धीपूर्ण र लाभप्रद नै देखिन्छ ।
**कुम्भ** : पराक्रमी र सामाजिक क्रियाकलापमा संलग्न ।
**मीन** : समस्यामाथि विजय प्राप्त हुने समय छ ।

# यो समाज, यो राज्यबाट महिलाले के आशा राख्ने ?



✍ **अमृता लम्साल**

हरेक वर्षको अंग्रेजी महिनाको नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म नेपालमा पनि लैंङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान मनाइन्छ । त्यतिबेला महिला हिंसाविरुद्ध वकालत गर्ने संस्था र व्यक्तिहरूका लागि भ्याई नभ्याई हुन्छ । भाषण गरेर हुन्छ कि उद्घाटन गरेर हुन्छ कि सामाजिक सञ्जालमा आदर्श खोकेर हुन्छ कि, सबैलाई सभ्य देखिनुपर्छ । सबैको बोलीमा लोली मिलाएर भनिन्छ, 'सरकारले महिलाविरुद्ध हुने सबै हिंसामा शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ ।'

यसै सन्दर्भमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको २०७७ मंसिर १० को लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानका सन्दर्भमा शुभकामना सन्देशमा लेखिएको थियो, 'लैंगिक हिंसाको अपराधमा संलग्न हुने जोसुकैलाई कानुनबमोजिम कडा सजाय दिन सरकार दृढ छ, देवानी संहिता र मुलुकी अपराध संहिताको प्रभावकारी कार्यान्वयबाट सबै प्रकारका हिंसा अन्त्यका लागि थप बल प्रदान गर्ने मैले विश्वास लिएको छु । 'सरकार महिलाको हकअधिकार सुनिश्चित गर्दै महिलाविरुद्ध हुने कुनै पनि प्रकारका हिंसा तथा विभेदको पूर्णरुपमा अन्त्य गर्न प्रतिबद्ध छ ।'

उहाँले सन्देशमा अर्को कुरा पनि उल्लेख गर्नुभएको थियो । त्यसको आशय यसप्रकार थियो- हिंसाविरुद्ध सरकारको प्रयास हुँदाहुँदै पनि कतिपय अवस्थामा गलत अभ्यास र दुःखद् घटनाका कारण देशको छवि अन्तर्राष्ट्रिय रुपमा नकारात्मक हुन नपाओस् भनेर सबै सजग हुनुपर्ने छ ।

महिला हिंसा निर्मूल गर्ने सन्दर्भकै कुरा गर्दा २०७८ चैत २ गते एउटा समाचार पढ्न पाइएको थियो । जसअनुसार, राष्ट्रपति विद्यादेवी भण्डारीले भन्नुभएको थियो- समाजमा महिला तथा बालिकाविरुद्ध हुने हिंसा उन्मूलन गर्न कानुनको प्रभावकारी कार्यान्वयनका साथै सामाजिक सचेतना बढाउन सबै सरोकारवाला पक्षले बलियो सहकार्य गर्नुपर्छ ।

समाचारमा थप भनिएको थियो- राष्ट्रपति भवन, महाराजगञ्जमा विभिन्न राजनीतिक दलसँग आबद्ध सांसदहरु राष्ट्रिय महिला आयोगका पदाधिकारी७कदत्रगय, कानुनविद्, समाजशास्त्री, मनोविश्लेषक, सञ्चारकर्मी र नागरिक समाजका प्रतिनिधिसँग छलफल गर्न आयोजित कार्यक्रममा राष्ट्रपति भण्डारीले महिला तथा बालबालिकाविरुद्ध हुने हिंसा र बलात्कार जस्ता अपराधको रोकथाम र न्यूनीकरण गर्न राज्यका निकायहरूले समाजसँग प्रत्यक्ष हातेमालो गर्दै अगाडि बढ्नुपर्ने विषयमा जोड दिनुभयो ।

उल्लिखित दुई सन्दर्भ कुनै चानचुने व्यक्तिले बोलेका वा उठाएका कुरा थिएनन् । राष्ट्रप्रमुख तथा सरकारप्रमुखले बोलेका कुराको किन केही सकारात्मक प्रभाव छैन ? उहाँहरूको बोलीको परिणाम कहाँ देखियो ? यदि मनदेखि नै ती कुराहरु उठाइएका थिए भने पल शाह र सन्दीप लामिछानेलाई लागेको आरोप किन यति फितलो रुपमा लिइयो ? अदालतले सन्दीप लामिछानेको केसमा उच्च अदालतले नाबालिग बलात्कार आरोप लागेका सन्दीपलाई कसरी र किन २० लाख रूपैयाँ धरौटीमा छाड्यो ? धरौटीमा रिहा गर्नुको आधार र कारण माग गर्दै सर्वोच्च अदालतले लेखेको पत्र ११ दिनसम्म पनि उच्च अदालत पाटन किन पुगेन ? यस्ता थुप्रै थुप्रै प्रश्नहरुले 'सरकारले महिलाविरुद्ध हुने सबै हिंसामा सहनशीलताको शून्य नीति अवलम्बन गरेको छ' भन्ने जस्ता 'कागजी बाघ (पेपर टाइगर) हरू हुनु र नहुनुको औचित्य के ?

अर्को महत्वपूर्ण तथ्य, देशको सरकार प्रमुखको कुरा जुन बेला बोल्यो सकियो हुने देशमा ७७ वर्ष पहिले स्थापित 'क्रिकेट एसोसिएसन अफ नेपाल'ले एउटा बलात्कार आरोपितलाई अन्तर्राष्ट्रिय टिममा खेलाएर अर्को देशको अगाडि नकारात्मक छवि बनाएरै छाड्यो । यहाँनिर ध्यान दिनुपर्ने कुरा के पनि हो भने यत्रो वर्षको खेलाडीमाथिको लगानी र त्यत्रो खर्चको बाबजुद एसोसिएसनले बलात्कार आरोपितको सट्टा खेल्न सक्ने खेलाडी तयार पार्न सकेको रहेनछ । यसका लागि एसोसिएसनलाई ठूलै तक्माले सम्मानित गर्ने त होला !

पल शाह र सन्दीप लामिछानेको केस व्यक्ति होइन, प्रवृत्ति हो । यदि, उनीहरुले बलात्कार गरिएका भनिएका किशोरीहरुले आत्महत्या गरेका भए उनीहरुलाई 'रोलमोडेल' मानेर बलात्कारको पक्षपोषण गर्नेहरुका मनमा अलि दयाभाव झुल्किन्थ्यो कि ? ती सर्भाइभरहरूले आफूमाथिको अन्यायबारे बोल्नु नै बलात्कारको पक्षपोषण गर्ने जमातका लागि घातक भयो । किनकि, महिला/किशोरी/अझ ससाना बच्चीहरुको योनिलाई लाठे पुरुषहरुको यौनक्रीडाले तहसनहस पारे यसमा पुरुष कतै, कुनै प्रकारले जिम्मेवार बन्नुपर्दैन । यौन अपराधमा सामेल हुने पुरुषलाई 'ऊ त छोरा मान्छे, त्यो केटी किन गएकी त ?' भनेर छाडिदिइन्छ । आफूलाई महिलाको ठाउँमा बसेर किन कोही पुरुष एकछिन पनि सोच्दैन ?

अपवादलाई छाडेर अधिक पुरुषहरुले बलात्कार र यौन दुर्व्यवहारका कुरा लिएर खुलेआम जोक बनाउँछन् । महिलाहरुको शरीरलाई लिएर भद्दा मजाक गर्छन् । बारम्बार सर्भाइभरलाई दोष थोपर्छन् । महिलाहरुको पहिरनले पुरुषलाई उत्तेजित पारेको हो, यसमा पुरुषको केही गल्ती छैन भनेर कुतक गर्न पछि पर्दैनन् । महिला तथा किशोरीलाई 'सेक्स अब्जेक्ट' भन्दा बढी देख्दैनन् ।

किशोरी तथा महिलाहरुको जीवनको गोपनीयतालाई मजाक बनाएर मनोरञ्जन गर्छन् । अनि सबै बलात्कार तथा यौन दुर्व्यवहारको दोषी तथा भागिदार केवल किशोरी र महिलालाई मात्रै बनाउँछन् । यसको प्रमाण खोज्न, पढेलेखेका भनिएका प्रौढदेखि लिएर बाइसे/पच्चिसे केटाहरुसम्मका सामाजिक सञ्जालका पोस्टहरु मात्रै केलाए पनि पुग्छ । उनीहरु 'रेप कल्चर' स्थापित गर्न दत्तचित्त भएर लागिरहेका छन्; तर, त्यो 'रेप कल्चर' उनीहरुको घर पस्ने छैन भन्ने कुनै ग्यारेन्टी छ ?

आफ्नै घरमा किशोरी वयका छोरीहरु भएका कतिपय बाबु/आमा/दाजुभाइ/दिदीबहिनीले समेत बलात्कारको पक्षपोषण किन गर्छन् ? योभन्दा दुःखद् र भयावह स्थिति भविष्यका पुस्ताका लागि के हुनसक्छ ? आज बलात्कार आरोपितलाई ग्लोरिफाई गर्ने र जय जयकार गरेर नथाक्नेहरुले भोलिका दिनमा आफ्नो घर/परिवारमा दुर्भाग्यवश त्यस्तै घटना घट्यो भने पनि यसै गरी हिम्मतका साथ लेख्न सक्छन् ? जुनसुकै मै हुँ भन्ने अभिभावकले जतिसुकै 'हेलिकप्टर प्यारेन्टिङ' (आफ्ना छोराछोरीलाई चाहिनेभन्दा बढी रक्षात्मक हुन खोज्ने) गरे पनि अपवादलाई छाडेर किशोरवय उत्सुकता, चञ्चल स्वभाव, सकेसम्म अभिभावकको भनाइलाई ध्यान नदिने खालकै

...बाँकी पृष्ठ ३ मा

# बालबच्चालाई पनि 'टेन्सन' हुन्छ ?



✍ **सुमित्रा लुईटेल**



अंग्रेजी शब्द 'टेन्सन' नेपालीहरुले दैनिक जीवनमा धेरै प्रयोग गर्नेमध्ये शब्द हो भन्दा फरक पर्दैन । यसको नेपाली शब्द तनाव हो । तर शिक्षितदेखि निरक्षर सबैले भनिरहेका हुन्छन्- मलाई टेन्सन छ ।

पढाइको चाप थेगिरहेका किशोर किशोरी, करिअरका लागि दौडधुप गरिरहेका युवायुवती, घरगृहस्थी सम्हालिरहेका वयस्क, दीर्घरोगले सताएका वृद्धवृद्धाले हरेक पटक 'टेन्सन भो' भनिरहेको सुनिन्छ ।

एक हिसाबले थेगोजस्तै नै बनेर बालबच्चमा पनि यो शब्द सरेको छ । बालबच्चा पनि हिजोआज टेन्सन भन्न थालेको देखिन्छ । के बालबच्चालाई पनि टेन्सन हुन्छ ?

टेन्सन युवा, ज्येष्ठ नागरिक र बच्चा सबै उमेरलाई हुनसक्ने मनोविद् विनोद पौडेल बताउँछन् । 'धेरै अभिभावकलाई बच्चालाई त के टेन्सन हुन्छ र भन्ने लाग्न सक्छ । तर बच्चाहरूलाई पनि उमेरअनुसार विभिन्न टेन्सन हुन्छ,' उनी भन्छन् ।

बेलायतमा भएको एक अध्ययनअनुसार १४ वर्ष उमेरसम्मका चार जना बालबालिकामध्ये एक जनाले टेन्सनका कारण आफैंलाई चोट पुऱ्याउँछन् । 'द चिल्ड्रेन्स सोसाइटी'ले अनुसन्धानमा यो उमेरका ७६ हजार केटी र ३३ हजार केटाले एक वर्षमा कुनै न कुनै रूपमा आफूलाई चोट पुऱ्याएको पत्ता लगाएको छ ।

बच्चाहरूले कहिलेकाहीं मलाई त कस्तो टेन्सन भयो भने अभिभावकले के कारणले टेन्सन भयो भनेर सोध्नुको साटो यत्रो सानो उमेरमा तिमीहरूलाई केको टेन्सन भनी दिन्छन् । यसले बच्चालाई झन् टेन्सन थपिदिने पौडेल बताउँछन् ।

'बच्चा विद्यालय जाने भएदेखि नै उनीहरूमा टेन्सन हुन थाल्छ । घरमा अभिभावकसँग हुर्किरहेको बच्चा अभिभावक छोडेर विद्यालय जानुपर्दा उसलाई तनाव हुन्छ,' पौडेल भन्छन्, 'विद्यालय जान थालेपछि शिक्षक, साथी र पढाइको कुराले बच्चालाई टेन्सन हुन्छ ।'

उमेर बढ्दै गएपछि किशोरावस्थामा प्रवेश गर्ने बेलामा आफूसँगै साथीहरूको शारीरिक र मानसिक विकास आफ्नोभन्दा तेज भयो भने पनि बच्चालाई टेन्सन हुन्छ । उमेर बढेसँगै विभिन्न तहमा बच्चाहरुलाई तनाव हुने पौडेल बताउँछन् ।

### बालबच्चामा मुख्यतः दुई प्रकारको तनाव हुन्छ ।

### सकारात्मक टेन्सन

बच्चाहरूमा हुने सकारात्मक टेन्सनलाई 'यु स्ट्रेस' भनिन्छ । परीक्षा बच्चाको लागि सकारात्मक टेन्सन भएको पौडेल बताउँछन् । 'परीक्षाले बच्चालाई टेन्सन त दियो तर त्यो टेन्सनबाट छुटकारा पाउन उसले अभिभावक, शिक्षक र साथीको सहयोग लिन्छ । पढ्नका लागि धेरै समय छुटाउँछ,' उनी भन्छन्, 'जसले गर्दा उसले परीक्षामा राम्रो नतिजा ल्याउँछ । सकारात्मक टेन्सनले कार्यसम्पादनलाई बढाएर लैजान्छ ।'

### नकारात्मक टेन्सन

बच्चामा नकारात्मक टेन्सन पनि हुन्छ, जसलाई 'डिस्ट्रेस' भनिन्छ । बच्चालाई परीक्षाको चिन्ता भयो त्यो चिन्ताले गर्दा उसलाई टेन्सन भयो तर त्यो टेन्सनलाई उसले व्यवस्थापन गर्न सकेन भने त्यो नकारात्मक टेन्सनमा परिणत हुने पौडेल बताउँछन् ।

'अरूले पढे होलान् मैले त पढेको छैन । मलाई त केही लेख्न आउँदैन भनेर टेन्सन लिइन्छ भने त्यो नकारात्मक टेन्सनले गर्दा यसमा शारीरिक र मानसिक असर देखिन थाल्छ,' पौडेल भन्छन् । नकारात्मक टेन्सनको कारण निद्रा नलाग्ने, खानामा रुचि नहुने, सास फेर्न गाह्रो हुनेजस्ता लक्षण देखिन थाल्छ ।

### बच्चालाई तनावमुक्त कसरी राख्ने ?

- निद्राले कुनै पनि व्यक्तिको मुडलाई असर गर्छ । बच्चा राम्ररी निदाउन पाएन भने उसमा चिडचिडापन र उदासी देखा पर्छ । त्यसैले बच्चालाई पर्याप्त सुत्न दिनुपर्छ ।
- टेन्सन कम गर्न, बच्चालाई केही खेल वा व्यायाम गर्न उत्प्रेरित गर्नुपर्छ । जुन काममा शरीरले थकान महसुस गरोस् र अनावश्यक कुरा सोच्ने समय नपाओस् ।
- यदि बालबालिकाले आमाबुबालाई टेन्सनमा देखे भने उनीहरूलाई पनि टेन्सन हुन थाल्छ । त्यसैले बच्चाको अगाडि अभिभावक चिन्तित भएर नबस्ने । उनीहरुसँग कुरा गरेर खेलेर आफूलाई पनि चिन्तामुक्त बनाउने र बच्चालाई पनि ।
- बालबालिका टेन्सनमा भए भने उनीहरूले आफ्नो खानामा पनि ध्यान दिंदैनन् । स्वादिलो र पोषिलो खाना बनाएर दिइयो भने त्यसले पनि उनीहरूको टेन्सन कम गर्न महत्त्वपूर्ण भूमिका खेल्छ ।
- बालबच्चालाई रुचि भएको काम गर्न दिनुपर्छ । जस्तै, संगीत सुन्ने, फिल्म हेर्ने वा खेल खेल्ने कार्य गर्न दिनुपर्छ । रुचि भएको काम गर्न पाए भने उनीहरूको टेन्सन कम हुन्छ । उनीहरूसँग हाँसखेल गरेर घरको वातावरणलाई राम्रो बनाउँदा पनि टेन्सन कम हुन्छ ।
- बालबच्चाको कमजोरी मात्र देखाउनुभन्दा उनीहरूले गरेको राम्रो कामको प्रशंसा गर्नुपर्छ । यो भन्दा अझै राम्रो गर्न सक्छौ भनेर हौसला दिइयो भने पनि बच्चाको टेन्सन कम हुन्छ ।

*(स्रोतः अनलाईनखबर)*

### कलैया टी-२० मेयर कप

# फाइनलमा मकवानपुर पराजित

समाज संवाददाता

हेटौंडाः मकवानपुर क्रिकेट टिम बारा जिल्लाको कलैयामा शनिबार सम्पन्न कलैया टी-२० मेयर कपको फाइनलमा पराजित भएको छ । शनिबार भएको फाइनल खेलमा मकवानपुर पर्साको वीरगंज क्रिकेट टिमसँग २३ रनले पराजित भएको हो ।

उपाधि विजेता वीरगंजले ६० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता बनेको मकवानपुरले ३० हजार रुपैयाँ चित्त बुझाएको छ । टस जितेर पहिले ब्याटिङ गरेको वीरगंजले २० ओभरको खेलमा ९ विकेट गमाएर १ सय ४१ रन बनायो । वीरगंजका सुरज पटेलले ४८ बलमा ४९ रन बनाए । खेलको म्यान अफ द म्याच पटेल घोषित भए ।

जवाफी ब्याटिङमा उत्रिएको मकवानपुरले १९.४ ओभरमा १० विकेट गुमाउँदै १ सय १८ रन मात्र बनायो । मकवानपुरका लागि सूवर्ण भट्टले २२ बलमा २८ रन, सक्षम बास्ताकोटीले १६ बलमा २५ र गौरव खड्काले ३० बलमा २२ रन बनाए । मकवानपुरका रिजन ढकाल र समीर चौलागाईले समान २-२ विकेट तथा विशाल फुयाँलले १ विकेट लिए ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी मकवानपुरका शुभ कंशाकार घोषित भए । कंशाकारले प्रतियोगितामा १ सय ३८ रन बनाएका थियो । कंशाकार प्रतियोगिताको उत्कृष्ट ब्याट्स्म्याचन पनि घोषित भए । प्रतियोगितामा ६ टिमको सहभागिता रहेको थियो ।

# सिटीको तीन दिवसीय खेलकुद महोत्सव समापन

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, पिप्लेस्थित हेटौंडा सिटी कलेजको तीन दिवसीय खेलकुद महोत्सव शनिबार सकिएको छ । महोत्सवको तेस्रो दिन फुटबल प्रतियोगिता आयोजना गर्दै तीन दिवसीय प्रतियोगिताको समापन गरेको हो ।

फुटबलको फाइनल खेल बीएस्सी सीएसआईटी र बीसीएबीच भएको थियो । बीएस्ससी सीएसआईटीलाई २-१ गोलअन्तरले हराउँदै बीसीए विजयी भएको हो । शुक्रबार क्रिकेट प्रतियोगिता भएको थियो । यस्तै महोत्सवको पहिलो दिन बिहीबार विहान बुद्वचोकमा दौड प्रतियोगिता आयोजना गरिएको थियो । दौड, बुद्धिचाल, टेबलटेनिस, स्नोकर, हाजिरीजवाफ, भलिबल र व्याड्मिन्टन प्रतियोगिताको आयोजना गरिएको थियो ।

दौडमा राहुल ओजाय प्रथम, ओशिष प्रजा द्वितीय र रोहन चौधरी तृतीय हुन सफल भएका छन् । यस्तै, व्याड्मिन्टन प्रतियोगितामा सुमन श्रेष्ठ प्रथम, विकास तिमल्सिना र सृजन कार्की तृतीय हुन सफल भएका छन् । टेबल टेनिसमा आयुष चौलागाईं प्रथम, सुजितराम ढकाल द्वितीय, व्याड्मिन्टन छात्रतर्फ नेवेडिका गौतम उत्कृष्ट हुन सफल भएका छन् ।

बुद्धिचालमा आयुष आचार्य प्रथम र आयुष लुइँटेल द्वितीय हुन सफल भएका छन् । यस्तै, क्रिकेट प्रतियोगितामा पनि बीसीए विजयी भएको थियो । स्नोकर प्रतियोगितामा रोहन कुमार बरुवाल प्रथम, समीर सापकोटा द्वितीय भएका छन् । हाजिरीजवाफमा प्रजिना ब्लोनको समुह प्रथम भएको छ । यसैगरी सुविना ढकालको समुह द्वितीय हुन सफल भएको छ । विभिन्न प्रतियोगितामा प्रथम, द्वितीय र उत्कृष्ट हुनेलाई मेडल र प्रमाणपत्रले एक समारोहबीच पुरस्कृत गरिने कलेजकी प्रशासन प्रमुख प्रिया पाण्डेले जानकारी दिनुभयो ।

# खाना खाएर सुतेका गोले मृत फेला

समाज संवाददाता

**हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका-६, खयरघारीस्थित नन्दलाल वाइवाको घरमा खाना खाएर सुतेका कैलाश गाउँपाालिका-९, नामटारका ४६ वर्षीय हरिबहादुर गोले मृत अवस्थामा फेला परेका छन् । शुक्रबार दिउँसो १ बजेर ४५ मिनेटको समयमा गोलेको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी बछौलीबाट प्रहरी टोली खटिएको थियो ।**

**मृतक गोले बिहान नन्दलाल वाइवाको घरमा खाना खाएर एकछिन सुत्छु भनि सुतेका थिए । वाइवाको सम्पूर्ण परिवारहरु भने खेतमा काम गर्न गएको र कामबाट फर्केर आउँदा गोले मृत अवस्थामा रहेको भन्ने बुझिएको प्रहरीले जनाएको छ ।**

**मृतक गोलेको शरीरमा कुनै चोटपटक नभएको प्रहरीले जनाएको छ । गोले अरुको घरमा जे काम पर्छ गरेर खाई हिँड्ने गर्दै आएका थिए । शव पोष्टमार्टमका लागि हेटौंडा अस्पताल ल्याएको प्रहरीले जनाएको छ ।**

# जनजागृति माविमा चिठ्ठी लेखन प्रतियोगिता

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१५, रातोमाटेस्थित जनजागृति माविमा चिठ्ठी लेखन प्रतियोगिताको आयोजना गरिएको छ । शुक्रबार विद्यालयले आयोजना गरेको चिठ्ठी लेखनमा प्रतियोगितामा कक्षा ८ र ९ का ६३ जना विद्यार्थीको सहभागिता रहेको प्रधानाध्यापक केशव सञ्जेलले जानकारी दिनुभयो ।

समाजमा रहेको महिला हिंसा, लैङ्गिक हिंसा, जातीय विभेद आदिको न्यूनीकरणको विषयमा विदेशमा बस्ने काकालाई चिठ्ठी लेखन प्रतियोगिता भएको प्रधानाध्यापक सञ्जेलले बताउनु भयो । प्रतियोगिताको नतिजा आइतबार प्रकाशन हुने उहाँले जानकारी दिनुभएको छ । अघिल्लो शुक्रबार विद्यालयले वातावरण संरक्षणसम्बन्धी निबन्ध प्रतियोगिता आयोजना गरेको थियो ।




### लामिछानेको एकल कविता

# अंकगणितको हत्यासहित ६ कविता वाचन



समाज संवाददाता

हेटौंडाः साहित्य संगम मकवानपुरको नियमित साहित्य सन्ध्याअन्तर्गत शनिबार कवि बैकुण्ठ लामिछानेको एकल कविता वाचन कार्यक्रम भएको छ । सिस्नुपानी-साहित्य संगम सभाकक्षमा भएको कार्यक्रममा लामिछानेले ६ वटा कविता वाचन गर्नुभयो । लामिछानेले अंकगणितको हत्यासहित ६ वटा कविता वाचन गर्नुभएको हो ।

लामिछानेले अंकगणितको हत्या, लासको सेल्फी, चियाको सुन्दरता र चौताराको क्लाइमेक्स, राइसकिलर अर्थात् गणतन्त्रको झड्केलो शीर्षकका कविता वाचन गर्नुभयो । उहाँले भुइँ मान्छे र तन्त्रवादका स्वाघोषित देवता, काँचा मासुका बुख्याँचाहरु शीर्षकमा कविता वाचन गर्नुभयो । लामिछानेले सामाजिक विद्रोह र लामा कविता लेख्ने कविको रुपमा आफूलाई परिचित गराउनुभयो । ३२८ औं साहित्य सन्ध्याको अवसरमा भएको एकल कविता वाचनमा संगमका उपाध्यक्ष सानु खनालको सभाध्यक्षता रहेको थियो । कवि तुल्सी घिमिरेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपस्थिति साहित्यकारहरुले पनि डेढ दर्जनभन्दा बढी रचना वाचन गर्नुभयो ।

# कालिकाटारमा सामुदायिक आँखा केन्द्र

समाज संवाददाता

हेटौंडाः मकवानपुरको विकट कैलाश गाउँपालिकामा आउँदो चैतको अन्तिम सातादेखि सामुदायिक आँखा केन्द्र सञ्चालनमा आउने भएको छ । केन्द्र सञ्चालनका लागि बिहिबार तिलगंगाा आँखा प्रतिष्ठान र गाउँपालिकाबीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ । तिलगंगा आँखा प्रतिष्ठान हेटौंडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधिर श्रेष्ठ र कैलाश गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।

सम्झौताअनुसार केन्द्रलाई आवश्यक पर्ने मेडिकल उपकरण प्रतिष्ठानले उपलब्ध गराउने हेटौंडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक श्रेष्ठले जानकारी दिनुभयो । केन्द्रमा सम्पूर्ण किसिमको आँखा जाँच र चस्मा जाँच हुने गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले बताउनुभयो । कैलाश-३ कालिकाटारमा रहने आँखा केन्द्रमा १ जना नेत्र सहायकसहित ३ जना कर्मचारी रहने उहाँले बताउनुभयो । चैत अन्तिम साता कालिकाटारमा बृहत आँखा शिविर गरेर केन्द्रको उद्‌घाटन गर्ने तयारी रहेको उहाँको भनाइ छ ।

अहिलेसम्म कैलाशमा आँखा सम्बन्धी उपचार गर्ने स्वास्थ्य केन्द्र नभएको अवस्थामा केन्द्रको स्थापना पछि कैलाशका स्थानीयका साथै राक्सिराङ गाउँपालिकाका सर्वसाधारणले समेत सेवा प्राप्त गर्ने अध्यक्ष मुक्तानले बताउनुभयो । हाल पालिका भवनसँगै निर्माण भैरहेको अस्पतालको निर्माण कार्य सकिएपछि आँखा केन्द्रलाई सोहि अस्पतालबाट सञ्चालनमा ल्याइने उहाँले जानकारी दिनुभयो ।

**स्वास्थ्य कार्यालय मकवानपुरद्वारा जनहितमा जारी सन्देश**

विगत लामो समयदेखि स्वास्थ्य कार्यालय मकवानपुरद्वारा संचालित मातृ तथा बाल स्वास्थ्य क्लिनिक पुनः हजुरहरुको सेवाका लागि संचालनमा आएको व्यहोरा जानकारी गराइन्छ ।

**मातृ तथा बाल स्वास्थ्य क्लिनिकबाट प्रदान गरिने सेवाहरूः**
**प्रत्येक आईतबार र बुधबार**ः बालबालिकाहरुलाई खोप तथा वृद्धि अनुगमन सेवा
**प्रत्येक सोमबार र बिहीबार**ः गर्भवती तथा सुत्केरी जाँच सेवा
**प्रत्येक मंगलबार र शुक्रबार**ः परिवार नियोजन तथा परामर्श सेवा

**स्थान**ः हेटौंडा अस्पताल पुरानो ओ.पि.डि. भवन
**सेवा दिने समय**ः बिहान १० बजेदेखि ५ बजेसम्म




### संस्कृति परीक्षामा १६ जनाद्वारा पूर्णाङ्क हासिल

# गोला प्रथाबाट ज्ञानदाकी जिनुका प्रथम



समाज संवाददाता

हेटौंडाः शनिबार भुटनदेवी माविमा नियमित पठनपाठन थिएन । तर, हेटौंडा उपमहानगर क्षेत्रका ४८ विद्यालयका ८ सय विद्यार्थीको उपस्थिति थियो । स्वामी विवेकानन्द संस्कृति ज्ञान परीक्षा-२०७९ मा सहभागी हुन आएका विद्यार्थीबीच ९० पूर्णाङ्कको ४५ वटा प्रश्न वितरण गरी परीक्षा लिइएको थियो । एक शब्ददेखि बढीमा एक वाक्यमा उत्तर लेख्न सकिने प्रश्न उपलब्ध गराइएको थियो ।

६ कक्षादेखि १२ कक्षामा अध्ययन विद्यार्थीका अत्यन्त छोटा उत्तरका उत्तर पुस्तिका केही घण्टामै परीक्षण गर्न सकिने थियो । उत्तरपुस्तिका परीक्षण गर्दा १६ जना सहभागीले सत्प्रतिशत उत्तर मिलाए । त्यसपछि आयोजकले प्रथम, द्वितीय र तृतीय छुट्याउन गोला प्रथाको सहयोग लिनु पर्‍यो । गोला प्रथामा हेटौंडा-१० स्थित ज्ञानदा माविमा १० कक्षामा अध्ययनरत छात्रा जिनुका यादव प्रथम भइन् । प्रथम भएकी यादवले नगद १५ हजार रुपैयाँ प्राप्त गरिन् । गोला प्रथामा हेटौंडा-१ स्थित अमर माविमा अध्ययनरत कक्षा १० की आयुष्मा भण्डारी दोस्रो हुँदै १० हजार नगद प्राप्त गरिन् ।

यस्तै, हेटौंडा क्याम्पसमा कक्षा ११ मा अध्ययनरत सन्दिपा थापा क्षेत्री तेस्रो हुँदै नगद ५ हजार प्राप्त गरिन् । सत्प्रतिशत उत्तर मिलाउने १३ जना विद्यार्थीलाई सान्त्वना पुरस्कार प्रदान गरियो ।

हिन्दु स्वयंसेवक संघ नेपालको आयोजनामा संस्कृति परीक्षा भएको हो । हरेक वर्ष स्वामी विवेकानन्द संस्कृति ज्ञान परीक्षा सञ्चालन हुँदै आएको छ । हेटौंडामा भने ३ वर्षअघि मात्रै परीक्षा भएको थियो । हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्य तथा हिन्दु स्वयंसेवक संघ नेपालको नारायणी विभागका संघचालक एवम् कार्यक्रम संयोजक ह्यग्रीव आचार्यको अध्यक्षतामा कार्यक्रम भएको हो । आयोजकले नेपालको धर्म, संस्कृति, कला, साहित्य, राष्ट्रिय विभूति, भुगोल, प्रकृति, हिमाल, नदी-नालाका सामान्य ज्ञानका ६ सय ५० वटा प्रश्नोत्तर भएको पुस्तक १५ दिन अघि नै उपलब्ध गराइएको थियो । संस्कार, संस्कृति, भुगोलको बोध होस् भनेर यस किसिमको परीक्षा गर्ने गरिएको छ । छोटो अवधिको तयारीमा सामान्य तर महत्वपूर्ण ज्ञान हासिल गर्न प्रेरित भएको पाइएको कार्यक्रम संयोजक आचार्य बताउनुहुन्छ ।

**इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि**

हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

**केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि**
हेटौंडा-२, नगरपालिकारोड
०५७-५२४६९४/९८४३०२८६३५

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्याबरोटरी,**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ